राष्ट्रिय दैनिक

# मेचीकाली सन्देश

Mechikali Sandesh National Daily

२०७७ चैत्र ६ गते शुक्रवार | 19 March 2021 Friday | पृष्ठ ४-५

## बुटवल उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## उजिरसिंह जवई रंगशाला निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) को सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

(प्रकाशित मिति: २०७७/१२/०६)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा नं. १३ स्थित जबईचौरमा उजिरसिंह जवई रंगशाला निर्माण प्रस्ताव गरिएको छ । यसका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ । परियोजना प्रतिवेदन अनुसार उक्त रंगशालामा खेलकुदसँग सम्बन्धित विभिन्न संरचनाहरु निर्माण गरिने जस्तै फुटवल Pavilion (मण्डप) तथा दर्शकदीर्घा, कभर्डहल, रंगशालाको मध्य एवं विशिष्ट कक्ष, प्रवेशद्वार, रनिङ्ट्र्याक सहितको ग्राउण्ड, कार्यालय भवन, टिकटघर, खाजाघर, पार्किङ्ग क्षेत्र, सुरक्षा पोष्ट, सडक सहित रंगशालाको चारैतर्फ पर्खाल आदि ।

उक्त प्रस्तावको मस्यौदा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको क्रममा छ । वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ एवं लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७ अनुसार उक्त प्रतिवेदन स्वीकृतीको लागि वातावरणीय सवाल बारे राय-सुझाव संकलन गर्नुपर्ने भएकाले स्थानीय जनता, संघ-संस्थाको प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनिधिहरुका बीच वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनबारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**आयोजनाले प्रभाव पार्न सक्ने क्षेत्र** : बुटवल उप-महानगरपालिका वडा नं. १२ र १३ बेलवास, जबईचौर अन्तर्गत पर्ने बिभिन्न टोल तथा वस्तिहरु ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

- ❖ **मिति** : २०७७/१२/१३ गते, शुक्रबार ।
- ❖ **समय** : बिहान ११:०० बजे ।
- ❖ **स्थान** : उजिरसिंह जवई रंगशाला निर्माणको लागी प्रस्तावित क्षेत्र बुटवल उप-महानगरपालिका वडा नं. १३ स्थित जबईचौर खेल मैदान ।

| आयोजक | परामर्शदाता |
|---|---|
| बुटवल उप-महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही ।<br>फोन नं : ०७१-५४०११२, ५४००३५, ५४००३३<br>ईमेल : info@butwalmun.gov.np | ग्रीन नेपाल कन्सलटेन्सी प्रा.लि. धापाखेल, ललितपुर ।<br>फोन नं : ९८४७८९६६४९, ९८५९८२०६९७<br>ईमेल : npyadav@gmail.com/<br>yadavkp57@gmail.com |